छायाँनाथ रारा नगरपालिकाद्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्ड: ७ संख्या: ३ २०८० कार्तिक २२ गते

भाग-२

छायाँनाथ रारा नगरपालिका, मुगुको

## सूचना

छायाँनाथ रारा नगरपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## गरीव सँग उपप्रमुख संग न्यून आय स्रोत भएका गर्भवती तथा सुत्केरी महिला भेटघाट कार्यक्रम सञ्चालन) (पहिलो संशोधन) कार्यविधि, २०८०

**नगर उपप्रमुख संग न्यून आय स्रोत भएका गर्भवती तथा सुत्केरी महिला भेटघाट कार्यक्रम सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०८०**

प्रमाणित मिति
२०७६/०९/१८
पहिलो संशोधन २०८०/०७/२२

सम्वत २०८० को कार्यविधि नं. ६

**नगर उपप्रमुख संग न्यून आय स्रोत भएका गर्भवती तथा सुत्केरी महिला भेटघाट कार्यक्रम सञ्चालन सम्बन्धि कानूनलाई संशोधन गर्न बनेको कार्यविधि**

**प्रस्तावनाः** नेपालको संविधानको प्रस्तावना तथा मौलिक हकको मर्म र भावना बमोजिम न्यून आय स्रोत भएका गर्भवती तथा सुत्केरी महिला तथा आमाहरु लाई आमा र बच्चाको पालन पोषण, सर्वाङ्गीण विकास र स्वास्थ्यमा सुधार गरी स्वास्थ्य सवल र सक्षम नागरिक उत्पादन गर्न सर्वप्रथम महिलाहरुको आनिवानि सुधार क्षमता अभिबृद्धि तथा आय आर्जन बृद्धि गरि समतामुलक समाजको रुपमा विकास गर्नुका साथै प्रचलित कानूनले परिभाषित गरेका छायाँनाथ रारा नगरपालिका भित्रका जन्मजात कुपोषणका अन्तरनिहित कारकतत्व लाई न्यूनिकरण गर्नुका साथै अति विपन्न न्यून आयस्रोत भएका गर्भवती तथा सुत्केरी महिला तथा आमाहरु लाई सुत्केरी भएको बेला आमा र बच्चाको स्वास्थ्य तथा पोषण स्थिती सुधार गरी उनिहरुको आर्थिक,सामाजिक तथा स्वास्थ्यमा पहुँच बढाई मानवपुजीँको विकासमा टेवा पुर्याई विकासको मुलप्रवाहमा समावेश गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनिय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकारलाई प्रयोग गरी छाँयानाथ रारा नगरपालिका मुगुको नगर कार्यपालिकाले यो कार्यविधि जारी गरिएको छ ।

## परिच्छेद —१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "नगर उपप्रमुख संग न्यून आय स्रोत भएका गर्भवती तथा सुत्केरी महिला भेटघाट कार्यक्रम सञ्चालन सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८०" रहेको छ।

(२) यो कार्यविधि ✍स्थानीय राजपत्रमा प्रकाशन भए पश्चात तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः- ✂..........

(क) "नगरपालिका" भन्नाले छायाँनाथ रारा नगरपालिका लाई सम्झनु पर्छ।

(ख) "प्रमुख" भन्नाले छायाँनाथ रारा नगरपालिकाको मेयरलाई सम्झनु पर्छ।

(ग) "उपप्रमुख" भन्नाले छायाँनाथ रारा नगरपालिकाको उपमेयरलाई सम्झनुपर्छ।

(घ) "वडा अध्यक्ष" भन्नाले छायाँनाथ रारा नगरपालिका नगरकार्यापालिकाको वडा अध्यक्षलाई सम्झनु पर्छ।

✍पहलो संशोधन

✂पहलो संशोधन झिकिएको

(ङ) “प्रमुख प्रशासकिय अधिकृत” भन्नाले छायाँनाथ रारा नगरकार्यपालिकाको प्रमुख प्रशासकिय अधिकृत लाई सम्झनु पर्छ।

(च) “सभा” भन्नाले छायाँनाथ रारा नगरपालिकालाई सम्झनु पर्छ।

(छ) “महिला” भन्नाले नेपाली नागरिकता लिई छायाँनाथ रारा नगरपालिका भित्र स्थायी बसोबास गर्ने महिलाहरु सम्झनु पर्छ।

(ज) “गर्भवति महिला” भन्नाले गर्भ रहेको दिन देखी नौ महिना वा वच्चा नजन्मेसम्मको महिलालाई सम्झनु पर्छ।

(झ) “सुत्केरी महिला” भन्नाले बच्चा जन्मेको दिन देखी दुई वर्ष मुनिका वा सो समय भित्रको आमा तथा महिलाहरु लाई सम्झनु पर्छ।

## परिच्छेद २
## कार्यविधिका लक्ष्य, उद्देश्यहरु

३. **कार्यविधिका लक्ष्य, उद्देश्यहरुः**

✤(क) अति विपन्न, बेरोजगार तथा तिन महिना देखी छ महिना र छ महिना देखी नौ महिना सम्मा खाना नपुग्ने गर्भवती तथा सुत्केरी महिलाहरुको तथ्याङ्क संकलन गर्ने।

(ख) गर्भवती तथा सुत्केरी महिलाहरुको स्वास्थ्य एवम पोषण स्थितिमा सुधार ल्याउन पोषण सामाग्री वितरण गर्ने।

(ग) जन्मदै कुपोषण हुने बच्चाको दर न्यूनीकरण गरी मातृ शिशु सुरक्षाको अवस्थामा सुधार ल्याउन गर्भवती तथा सुत्केरी महिलाहरु लाई जनचेतना मुलक तालिम, गोष्ठी तथा अन्तरक्रिया कार्यक्रम संचालन गरिनेछ।

(घ) गर्भवती तथा सुत्केरी महिलाहरुको स्वास्थ्य एवम पोषण स्थितिमा सुधारका लागी सहयोग गर्ने सरकारी तथा गैह्र सरकारी संघ संस्था तथा सरोकारवाला निकायहरु संग समन्वय र सहकार्य गर्ने।

४. **गर्भवती तथा सुत्केरी महिलाहरु वा लाभग्राहीको पहिचान एवं छनौटः** (१) नगरपालिका भित्र स्थायी रुपमा बसोबास गर्ने वडा नं. १ देखी १४ वडा भित्रका गर्भवती तथा सुत्केरी महिलाहरुको पहिचान गर्नका लागी स्वास्थ्य संस्था वा अस्पतालहरु बाट नियमित गर्भ जाँच गरेको ANC कार्ड नेपाली नागरिकताको प्रमाण पत्र र सुत्केरी महिलाको हकमा बच्चाको जन्मदर्ताको प्रतिलिपि लाई आधार मानिनेछ।

(२) पहिचान एवं छनौटमा समस्य भएमा संम्बन्धित वडा वा टोल बस्तीका महिला स्वास्थ्य स्वयम सेविका संग आवश्यक सोधपुछ गरिनेछ।

५. **सेवा प्रवाहः** (१) गर्भवती र सुत्केरी महिलालाई वितरण गरिने पोषण सामाग्रीहरु नगरपालिका अन्तरगत उपप्रमुखको सचिवलय वा संम्बन्धित वडाको स्वास्थ्य संस्था बाट वितरण गरिनेछ।

✤पहलो संशोधन

६. **कार्यक्रमका संचालनका लागी माग गर्ने आवश्यक कागजातहरुः** (१) न्युन आय श्रोत भएका गर्भवती तथा सुत्केरी महिला अर्थात आमाहरु लाई पोषण यूक्त समाग्री वा नगद रकम हस्तान्तरण कार्यक्रमका लागी तपशिलका कागजातहरु माग गर्ने।

(क) नावालक (वच्चा) वालवालिकाको जन्मदर्ताको ५प्रतिलिपि

(ख) सम्बन्धित स्वास्थ्य संस्थामा गर्भ जाँच गरेको वा सुत्केरी ANC कार्डको ५प्रतिलिपि

(ग) गर्भवती वा सुत्केरी आमाको नेपाली नगरिकता प्रमाण पत्रको ५प्रतिलिपि

७. **न्यून आय श्रोत भएका गर्भवती तथा सुत्केरी महिलाहरु लाई हस्तान्तरण गरिने सामाग्रीः** (१) छायाँनाथ रारा नगरपालिका भित्रका न्यून आय श्रोत भएका गर्भवती तथा सुत्केरी महिला अर्थात आमाहरु लाई नगर उपप्रमुख भेटघाट कार्यक्रममा प्रति गर्भवती तथा सुत्केरी महिला तथा आमाहरु लाई तपशिलको पोषण युक्त समाग्री वा नगद रकम नगर उपप्रमुख बाट हस्तान्तरण गरिनेछ।

(क) अण्डा एक क्यारेट प्रति आमा।

(ख) सुत्केरी आमा तथा बच्चालाई एक जोर न्यानो लुगा कपडा।

(ग) नगद रकम एक हजार रुपैंया मात्र सम्म प्रति आमा।

(घ) जिरा, ज्वानो तथा मसलाका आइटमहरु।

(ङ) स्थानिय खाद्यन्न बस्तु जस्तैः सर्वतम पिठो, रातो धानको चामल, दाल, घ्यू, तेल ✂……।

(च) पोषण सामाग्री/ब्रोसर/पोस्टर/क्यालेन्डर ✂……।

(२) दफा ७ को उपदफा (१) मा न्युन आयश्रोत भएका गर्भवती तथा सुत्केरी महिला अर्थात आमाहरुलाई नगर उपप्रमुख भेटघाट कार्यक्रममा पोषण सामाग्री र नगद रकम दिईने उल्लेख भएता पनी न्युन आयश्रोत भएका गर्भवती तथा सुत्केरी महिलाको संख्या र वार्षिक बजेटको आधारमा कार्यक्रम ब्रेकडाउन गरी नियमानुसार कार्यक्रम पास गरि कार्यक्रम कार्यन्वयन गरिनेछ।

८. **नगर उपप्रमुखको सचिवालय अन्तरगत कार्यक्रम संचालक समिति गठन प्रक्रियाः** (१) नगर उपप्रमुखको सचिवालय अन्तर्गत नगर उपप्रमुख संयोजक रहने गरी तपशिल बमोजिम ५पाँच वा ५सात सदस्यीय कार्यक्रम संचालक समिति गठन गरीने छ।

(क) छायाँनाथ रारा नगरपालिकाका उपप्रमुख -अध्यक्ष

(ख) नगरकार्यापालिकाको महिला सदस्य मध्येबाट एक जना -सदस्य

५ (ग) नगरपालिका भित्रका महिला स्वास्थ्य स्वयंम सेविका मध्य बाट एक जना -सदस्य

५ (घ) छायाँनाथ रारा नगरपालिका महिला तथा वालवालिका शाखा, र स्वास्थ्य शाखा मध्येबाट एक/एक जना गरी दुई जना -सदस्य,

५ (ङ) महिला बर्गको हक, हित, संरक्षण र सम्वद्धनमा विषेश योगदान पुर्याउने संघ संस्था एवं पेशा व्यवसाय समेतको प्रतिनिधित्व हुनेगरी एक जना -सदस्य

(च) नगर उपप्रमुखले तोकेको एक जना -कार्यक्रम समन्वयकर्ता

५पहलो संशोधन

✂पहलो संशोधन झिकिएको

९. **संचालक समितिको बैठकः** (१) समितिको बैठक हरेक⁕ एक महिनामा एक पटक बस्ने छ भने यस बाहेक आवश्यकता अनुसार बस्नेछ। बैठकको निर्णय अध्यक्षद्धारा प्रमाणित गरी सोको जिम्मा सदस्यमा रहनेछ।

## परिच्छेद ३
## समितिका पदाधिकारी तथा सदस्यहरुको काम, कर्तव्य र अधिकार

१०. **समितिका पदाधिकारी तथा सदस्यहरुको काम, कर्तव्य र अधिकारः** समितिका पदाधिकारी तथा सदस्यहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छः-

**(क) अध्यक्षको काम कर्तव्य र अधिकारः**

(१) समितिको नेतृत्व गर्ने,
(२) समितिको बैठकको अध्यक्षता गर्ने र बठैकमा कुनै विषय सर्वसम्मति बाट निर्णय हुन नसकी मत बराबर भए निर्णायिक मत दिने,
(३) कार्यक्रम समन्वय कर्ता लाई बैठक बोलाउन निर्देशन गर्ने,
(४) बैठकमा योजना तथा प्रस्ताव पेश गर्ने,
(५) बैठकको निर्णय प्रमाणित गर्ने, वा कार्यन्वयन गर्ने, गराउने,
(६) नगरपालिका संग सम्पर्क समन्वय गर्ने,
(७) आय व्ययको श्रेस्ता दुरुस्त राख्न लगाउने,
(८) पदाधिकारी तथा सदस्यहरुलाई कामको जिम्मेवारी तोक्ने,
(९) पदाधिकारी तथा सदस्यहरुको राजीनामा स्वीकृत गर्ने,
(१०) समितिको कामको अनुगमन तथा नियमन गर्ने, गराउने,
(११) समितिले निर्णयहरु गर्ने, गराउने,
(१२) गर्भवती तथा सुत्केरी महिलाको स्वास्थ्य स्थिति र पोषण स्थिति बारे अनुगमन गर्ने,
(१३) कार्यक्रम संचालन पश्चात प्रभावकारी कार्यान्वियन बारे मूल्याङ्कन गर्ने।

**(ख) समन्वय कर्ताको काम, कर्तव्य र अधिकारः**

(१) अध्यक्षलाई सहयोग गर्ने, वा बैठकको उपस्थिती गराई र निर्णय लेख्न सहयोग गर्ने,
(२) अध्यक्षको अनुपस्थितमा आदेश अनुसार अध्यक्षले गर्ने सम्पूर्ण कार्यहरु गर्ने,
(३) समितिको लाई कार्यहरुको अनुगमन गर्ने सहयोग गर्ने,
(४) समितिले तथा अध्यक्षले तोकेको अन्य कामहरु गर्ने,
(५) समितिको सम्पूर्ण आर्थिक कारोवारो तथा समितिमा रहेका सम्पुर्ण भौतिक सम्पतिको संरक्षण गर्ने, गराउने ।
(६) समितिको तर्फ बाट गर्नुपर्ने प्रशासनिक सम्पूर्ण कार्य गर्ने,
(७) सरकारी,सहकारी तथा गैह्र सरकारी संस्था संग समन्वयकारी भूमिका निर्बाह गर्न्न गराउने सहयोग गर्ने,
(८) समितिको कोष सञ्चालन गर्ने ।

⁕पहलो संशोधन

(९) नगर उपप्रमुख संग न्यून आय स्रोत भएका गर्भवती तथा सुत्केरी महिला भेटघाट कार्यक्रम सञ्चालनका लागी आर्थिक प्रशासन शाखा प्रमुखको स्विकृतमा एक मुष्ट वा चरणबद्ध भुक्तानी दिईने छ ।

(१०) कानून बमोजिम आर्थिक कारोवारको श्रेस्ता राख्ने,

(११) नगरपालिकाले तोकेको लेखापरीक्षक द्धारा लेखा परीक्षण गराउने र प्राप्त भएका बेरुजु फछ्र्यौट गर्ने ।

**(ग) सदस्यहरुको काम, कर्तव्य र अधिकारः**

(१) अध्यक्ष तथा समितिलाई सहयोग गर्ने,

(२) बैठकमा सहभागी हुने,

(३) समिति तथा अध्यक्षले तोकेको अन्य कार्यहरु गर्ने।

## परिच्छेद-४
## समितिको कोष

**११.** **कोष संचालनः** (१) नगर उपप्रमुख संग न्यून आय स्रोत भएका गर्भवती तथा सुत्केरी महिला भेटघाट कार्यक्रम सञ्चालनको आफ्नो छुट्टै कोष हुनेछ।

(२) उपदफा (१) बमोजिम कोषमा देहाय बमोजिम रकम हुनेछः

(क) नगरपालिकाको बार्षिक बजेटको रुपमा उपलब्ध हुने रकम,

(ख) संघीय सरकार तथा प्रदेश सरकार बाट प्राप्त हुने रकम,

(ग) कुनै व्यक्ति वा संघ संस्था बाट प्राप्त हुने दान, दातव्य, अनुदान रकम,

(घ) विदेशी सरकार, अन्तराष्ट्रिय संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(ङ) महिला बर्ग सँग सम्बन्धित संघ संस्थालाई आबद्धता प्रदान गर्दा प्राप्त रकम,

(च) प्रतियोगिता सञ्चालन बाट प्राप्त रकम,

(छ) प्रकाशन विक्रीबाट प्राप्त हुने रकम,

(ज) सेवा सञ्चालनबाट प्राप्त हुने रकम,

(झ) अन्य स्रोतबाट प्राप्त हुने रकम।

(३) समितिको नाम बाट गरिने सबै खर्चहरु उपदफा (१) बमोजिमको कोष बाट व्यहोरिनेछ।

## परिच्छेद ५
## कार्यक्रम कार्यन्वयन प्रक्रिया वा कोष संचालन

**१२.** **कार्यक्रम कार्यन्वयन प्रक्रिया वा कोष संचालनः** (१) नगर उपप्रमुख संग न्युन आय श्रोत भएका गर्भवती,सुत्केरी महिला तथा आमाहरु भेटघाट कार्यक्रम कार्यन्वयन प्रक्रिया वा कोष परिचालन नगरका १४ वडा भित्र बसोबास गर्ने न्युन आयश्रोत भएका गर्भवति तथा सुत्केरी आमा हरु लाई घरदैलो वा संम्बन्धित स्वास्थ्य संस्थामा गई उपप्रमुख द्धारा पोषण सामाग्रीहरु वितरण गरिनेछ। सो कार्यका लागी लाग्ने खर्च एक आर्थिक वर्षमा ५पाँच लाख रुपैंयाका दरले उपप्रमुखको

५पहलो संशोधन

एकल संयोजकमा कार्यन्वयन तथा संचालन गरिनेछ। आगामी आर्थिक वर्षमा यस कार्यक्रमलाई विशेष प्राथमिकताका र निरन्तरता दिनुका साथै उचित बजेटको व्यवस्था गरिने छ।

१३. **<u>लेखा परीक्षण, प्रतिवेदनः</u>** (१) लेखा परीक्षणको सम्पुर्ण जिम्मा नगरपालिका अन्त्रगतको लेखा तथा आर्थिक प्रशासन शाखामा निहित रहनेछ।

(२) प्रत्येक आ.व.को अन्त्यमा उक्त कार्यक्रमको एकिकृत अभिलेख राखी कार्यक्रमको प्रतिवेदन सार्वजनिक गर्नु पर्छ।

## परिच्छेद-५
## विविध

१४. **संशोधनः** (१) नगरपालिका "नगर उपप्रमुख संग न्यून आय स्रोत भएका गर्भवती तथा सुत्केरी महिला भेटघाट कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि २०७९" को संशोधन गर्न आवश्यक भएमा समितिले तयार गरी नगरपालिका प्रमुख समक्ष पेश गर्नु पर्छ।

(२) प्रस्तावित संशोधन प्रस्ताव उपयुक्त लागेमा नगरपालिका प्रमुखले कार्यपालिकामा पेश गरी कार्यपालिकाले स्वीकृत दिएपछि मात्र सञ्चालन कार्यविधि संशोधन भई कार्यन्वयन हुनेछ ।

(३) कुनै विषयमा अस्पष्टता भए, विवाद भई निरुपण हुन नसके सो विषयमा नगर कार्यपालिकाले गरेको निर्णय अन्तिम हुनेछ ।

आज्ञाले,
पशुपती शाही
नि. प्रमुख प्रशासकीय अधिकृत